# हुम र सुन्दरलाई ‘कञ्चन पत्रकारिता पुरस्कार’

**आदर्श समाज**
पोखरा, २७ साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीद्वारा सञ्चालित ‘कञ्चन पत्रकारिता पुरस्कार-२०८०’ बाट कास्कीका हुमबहादुर तमु र मुस्ताङका सुन्दरकुमार थकाली पुरस्कृत भएका छन् ।

फोनिजको २४ औं स्थापना दिवसको अवसरमा शनिबार पत्रकारद्वयलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे तथा पुरस्कारदाता व्यवसायी विमलमान गुभाजु तथा गुभाजु परिवारले पुरस्कार स्वरुप दोसल्ला, सम्मानपत्रसहित नगद २५ हजार अर्पण गरे । पुरस्कृत हुम बहादुर तमु पोखराबाट प्रकाशित हुने कास्की आवाज दैनिकका प्रधानसम्पादक हुन् भने थकाली अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक र समाधान दैनिकका लागि मुस्ताङका संवाददाता हुन् ।



कार्यक्रममा मुख्यमन्त्री पाण्डेले स्वच्छ र स्वतन्त्र रुपमा पत्रकारिता गर्ने वातावरण सिर्जना गर्न स्वयम् पत्रकार नै जिम्मेवार हुनुपर्ने धारणा राखे। उनले पत्रकारिता आफ्नै लयमा बनगेको मुख्यमन्त्री पाण्डेले बताए । ‘आज पत्रकरिताको लय बिग्रेको छ । एउटा टिभी र अर्को टिभीमा समाचार हेर्दा फरक फरक सन्देश र सूचना जाने देखिन्छ। यसले समाजलाई दिग्भ्रमित गरेको छ । त्यसैले नियमन हुन आवश्यक छ । र पत्रकार आफै पनि जिम्मेवार र गम्भीर हुनुपर्छ ।’

मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशको आमसञ्चार विधेयक ल्याउने तयारी रहेको बताए । उनले यही आर्थिक वर्षमा सञ्चार विधेयक दर्ता गर्ने तयारी भएको बताउदै भने, ‘मलाई कसैलाई नियमन गर्नु छैन त्यसैले पत्रकार साथीहरुको केही कुरा छलफलबाट पारित भएपछि अगाडि बढ्छ। मेरो एउटै मात्र धेय छ स्वतन्त्रताको नाममा अराजक हुनुभएन ।’

उनले पछिल्लो समय स्वतन्त्रतको नाममा सामाजिक सञ्जालमा अराजकता फैलिएको टिप्पणी गरे । ‘सोसल मिडिया स्वतन्त्रताको नाममा अहिले अराजक भएको छ, मुख्यमन्त्री पाण्डेले भने, ‘यसले पत्रकारिता स्वनियमन हुनुपर्ने हो तर त्यो भएको देखिएन ।’

यस्तै पुरस्कृत व्यक्ति हुम बहादुर गुरुङले आवश्यकता महसुस भएर पत्रकारितामा लागेको बताए । उनले नेपाल विविधतायुक्त देशमा सम्पूर्ण समुदायको पहुँच स्थापना नभएको कारण सक्रिय पत्रकारितामा लागेको बताउदै पत्रकारिता भित्रै पनि असमानता रहेको धारणा राखे। यसैगरी पुरस्कृत सुन्दर कुमार थकालीले आफूलाई पुरस्कृत गरेको भन्दै पत्रकारितामा थप उत्साह मिलेको बताए। ‘ यो पुरस्कारको महत्व बुझेर नै मलाई प्रदान गर्नुभएको छ। मलाई यो निकै भारी र गह्रुंगो भएको छ, उनले भने, पत्रकारिताका मेरो यो चौथो पुरस्कार हो। सबैभन्दा बढी महत्वपूर्ण मैले यो पत्रकारिता पुरस्कारलाई लिएको छु। यसले मलाई थप हौसला मिलेको छ ।’

गण्डकी प्रदेशको शिरमा रहेको जिल्लामा पत्रकारिता गर्न सहज नरहेको उनले सुनाए । ‘मुस्ताङमा पत्रकारिता गर्न चुनौती नै छ । मैले विगत १० वर्षदेखि पत्रकारिता गर्दै आएको छु । धार्मिक क्षेत्र भएकाले बाहिर ल्याउनुपर्ने इस्युहरुलाई माथि ल्याउन नसक्ने अवस्था छ । किनभने सानो क्षेत्र र सिमित पत्रकार भएकाले पनि निकै जोखिम छ,’ उनले भने ।

फोनिज गण्डकीका महासचिव धनबहादुर गुरुङका अनुसार पोखराका प्रतिष्ठित व्यवसायी विमलमान गुभाजु र उनका परिवारले आफ्ना स्व. बाबुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन् । ५ लाख रुपैयाँदेखि सुरु गरिएको यस अक्षयकोषमा गुभाजु परिवारले हरेक वर्ष १ लाख थप गर्दै आएका छन्। यस वर्ष पनि १ लाख थप गर्ने घोषणा गरेका छन् । हाल अक्षयकोषमा ९ लाख रुपैयाँ छ ।

यो पुरस्कार गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशील २ पत्रकारलाई हरेक वर्ष प्रदान गरिँदै आइएको छ ।

सो पुरस्कारबाट यसअघि कास्कीका रुद्रबहादुर थापा, शान्ति गुरुङ, उदयबहादुर अमात्य, बागलुङका राजेशचन्द्र राजभण्डारी, नवलपुरका केबी राना र लमजुङका आश गुरुङ पुरस्कृत भइसकेका छन् ।

# ‘स्याङ्जालाई क्रिकेटबाट चिनाउनु पर्छ’

**स्याङ्जा, २७ साउन (आदर्श समाज)-** गण्डकी प्रदेश सभा सदस्य सुधीर पौडेलले स्याङ्जालाई क्रिकेट खेलबाट चिनाउनु पर्ने बताए । छोटो समयमा संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी गराई सफलता प्राप्त गरेकोमा उनले खुसी व्यक्त गरे ।

स्याङ्जा जिल्ला क्रिकेट संघको तेस्रो जिल्ला अधिवेशन तथा साधारणसभा शनिबार उद्घाटन गर्दै उनले स्याङ्जामा अन्य धेरै खेलहरु खेलिने भए तापनि क्रिकेटलाई प्राथमिकतामा राखेर अघि बढाउनु पर्नेमा जोड दिए । ‘एक वडा, एक खेल मैदान’ आजको आवश्यकता रहेको जनाउँदै खेल माध्यमबाट शारीरिक एवं मानसिक स्वास्थ्यका लागि पालिकाले उपयुक्त वातावरण निर्माण गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रतिनिधि सभा पूर्व सदस्य नारायणप्रसाद मरासिनी, क्रिकेट संघ गण्डकी प्रदेश अध्यक्ष देवेन्द्र प्रजु, फेदिखोला गाउँपालिका अध्यक्ष घनश्याम सुवेदी, पुतलीबजार १ का अध्यक्ष उत्तम श्रेष्ठ, १३ का अध्यक्ष जुद्धबहादुर थापा, वडा सदस्य विष्णुकुमार श्रेष्ठ, क्रिकेट प्रशिक्षक जगतबहादुर टमाटा, क्रिकेट संघ कास्की अध्यक्ष सञ्जयकान्त सिग्देललगायतले स्याङ्जामा क्रिकेट खेलमा सफलता बढ्दै गएकोमा खुसी व्यक्त गर्दै खेलाडीलाई प्रोत्साहनको आवश्यकता रहेकोमा जोड दिए। क्रिकेट संघ स्याङ्जा अध्यक्ष दिवाकर थापाको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य नारायण तिवारीले स्वागत एवं सचिव विक्रम तिवारीले सञ्चालन गरेका थिए। आइतबार नयाँ कार्यसमिति चयन हुनेछ ।

मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

मादी गाँउपालिका

अनुसूची - १ (दफा ३ को ड, ढ तथा दफा ४ र ५ सग सम्बन्धित)

**मादी गाउँपालिकाको अध्यक्षसँग एकल तथा विधुर पुरुष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानसम्बन्धी सूचना**

दोस्रोपटक सूचना प्रकाशित मिति : २०८०।०४।२८

यस कार्यालयको चालु आ.व.२०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम, स्वीकृत कार्यविधि बमोजिम मादी गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने ६० वर्ष पूरा भई ६८ वर्ष ननाघेका एकल तथा विधुर पुरुषको लागि कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक आय तर्फको स्वीकृत बजेटबाट मासिक रु १०००।० (अक्षेरुपी एक हजार मात्र) सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरी (कार्यविधिको दफा ३ को ड र ढ तथा दफा ४, ५ र ६ को परिधि भित्र रही) निवेदन पेश गर्ने गरी मिति २०८०।०४।२२ को वेवसाइट सूचनामार्फत जानकारी गराइएकोमा सरोकारवाला सबैलाई सूचनाको पहुच वृद्धि तथा थप सुनिश्चित हुने गरी यो सूचना प्रकाशित गरिएको छ। पूर्व निर्धारित सूचना बमोजिम मिति २०८०।०५।०५ गते भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम भरी सम्बन्धित वडा कार्यालयमा दर्ता गर्नुहुन अनुरोध गरिन्छ। दर्ता भएका आवेदन वडा कार्यालयमार्फत गाउँपालिका आ.ले.प. शाखामा बुझाउनु हुन तथा आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

१. रीतपूर्वकको आवेदन ।
२. जेष्ठ नागरिक परिचयपत्रको प्रर्तिलिपि ।
३. नेपाली नागरिबताको प्रतिलिपि ।
४. अन्य पुस्ट्याइका कागजातहरु (श्रीमतीको मृत्युदर्ता/सम्बन्ध विच्छेद, वा वडाबाट अविवाहित तथा एकल सिफारिससँगै सरकारी निकायबाट दोहोरो सुविधा नलिएको आधार तथा अन्य सरोकार कागजात आदि) को प्रतिलिपिहरु ।
५. कार्यविधि गाउँपालिकाको वेबसाइटमा हेर्न सकिनेछ ।
६. थप जानकारीका लागि सम्पर्क : ९८५६०७२६००/९८५६०७२६०१/९८५६०७२६०२

*नोट : आवेदन स्वीकृत भएपश्चात मात्र वैंकखाता खोल्नको लागि सूचना जारी हुने हुँदा सुरुमै बैंक खाता आवश्यक नपर्ने साथै यस सूचनामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय बमोजिम हुनेछ ।*

**प्रमुख प्रशासकीय अधिकृत**

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९०/०९/१८

स्वर्गारोहण:
वि.सं. २०८०/०४/१६

## स्व. जोगमाया गुरुङ

अन्नपूर्ण गार्डेन रेष्टुरेण्ट एण्ड क्याफेका सञ्चालक हिमालयन बुद्ध फाउण्डेसनका अध्यक्ष, भिजन लुम्बिनी ऊर्जा कम्पनीका सञ्चालक, समाजसेवी श्री कुमार गुरुङकी ममतामयी आमा जोगमाया गुरुङको ९० वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकाले हामी अत्यन्त मर्माहत भएका छौं । यस दुखद घडीको आज १३ औं दिन (अर्घौं) को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान् बुद्धले प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अन्नपूर्ण गार्डेन रेष्टुरेण्ट एण्ड क्याफे परिवार**
लेकसाइड-६, पोखरा

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९०/०९/१८

स्वर्गारोहण:
वि.सं. २०८०/०४/१६

## स्व. जोगमाया गुरुङ

हाम्री प्रात:स्मरणीय आमा/हजुरआमा जोगमाया गुरुङको ९० वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिन (अर्घौं) को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद घडीमा हाम्रो परिवारलाई समवेदना सहानुभूति प्रदान गर्नुहुने बन्धुबान्धव इस्टमित्र, छरछिमेक तथा विभिन्न संघसंस्थाहप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा बुहारीहरू:**
कुमार/दुर्गा देवी गुरुङ
प्रेमा गुरुङ
पान बहादुर/मोहनीमाया गुरुङ
चित्रबहादुर गुरुङ
**छोरी/ज्वाइँहरू:**
रेलसुवा/छानबहादुर गुरुङ
कमलदेवी/नारायणबहादुर गुरुङ

**नाति/नातिनी/बुहारी/ज्वाइँहरू:**
प्रकाश/आस्था गुरुङ
सोनिका/प्रशान गुरुङ
विपिमा गुरुङ
जुपेम गुरुङ
अञ्जु गुरुङ
मनीषा गुरुङ
साइना/महेन्द्र गुरुङ
रीना गुरुङ
विवेक गुरुङ
जेनी गुरुङ

**तथा समस्त मिर्सा घिप्राङ घाचोक नल्कु म्हिगी लामा परिवार**

**प्रकाशक :** आदर्श समाज बहुमुखी प्रकाशन (प्रा.) लि.। **कर्पोरेट अफिस:** नयाँसडक, पोखरा, फोन: ०६१-५८१२००, ५७१४८४ । E-mail: adrsamaj@gmail.com, www.eAdarsha.com, **प्रबन्ध निर्देशक:** अमृत बास्तोला, **सम्पादक:** भरत कोइराला, **प्रधान सम्पादक:** कृष्णप्रसाद बास्तोला